आज मिति २०८२ सालकार्तिक २६ गते बुधवारका दिन जैमिनी नगरपालिकाका नगर प्रमुख श्री नर बहादुर पुन ज्यूको अध्यक्षतामा दोस्रो नगर कार्यपालिकाको ५१ औं बैठक देहाय बमोजिमको उपस्थितिमा बसी देहाय बमोजिमको निर्णय गरियो ।

## उपस्थिति

| क स | पद | नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री नर बहादुर पुन | |
| २ | नगर उपप्रमुख | श्री हरिहर शर्मा | |
| ३ | वडा अध्यक्ष वडा नं १ | श्री विष्णु प्रसाद आचार्य | |
| ४ | वडा अध्यक्ष वडा नं २ | श्री प्रेम सापकोटा | |
| ५ | वडा अध्यक्ष वडा नं ३ | श्री कृष्ण बहादुर भुजेल | |
| ६ | वडा अध्यक्ष वडा नं ४ | श्री चक्र बहादुर थापा | |
| ७ | वडा अध्यक्ष वडा नं ५ | श्री ठग बहादुर क्षेत्री थापा | |
| ८ | वडा अध्यक्ष वडा नं ६ | श्री कृष्ण बहादुर थापा | |
| ९ | वडा अध्यक्ष वडा नं ७ | श्री केन्द्र बहादुर सुनार | |
| १० | वडा अध्यक्ष वडा नं ८ | श्री बिमल श्रीस राना | |
| ११ | वडा अध्यक्ष वडा नं ९ | श्री सन्दिप थापा | |
| १२ | वडा अध्यक्ष वडा नं १० | श्री श्रीप्रसाद थापा | |
| १३ | कार्यपालिका सदस्य | श्री भगवती शर्मा सापकोटा | |
| १४ | कार्यपालिका सदस्य | श्री चिन्तामणि दर्जी | |

| | | | |
|---|---|---|---|
| १५ | कार्यपालिका सदस्य | श्री दुर्गा देवी पाध्या | |
| १६ | कार्यपालिका सदस्य | श्री लाल बहादुर परियार | |
| १७ | कार्यपालिका सदस्य | श्री भरत वि.क | |
| १८ | कार्यपालिका सदस्य | श्री शान्तकला शर्मा | |
| १९ | कार्यपालिका सदस्य | श्री गीता कुमारी वि.क | |
| २० | कार्यपालिका सदस्य | श्री शान्ती सुनार | |
| | सचिव (प्रमुख प्रशासकीय अधिकृत) | श्रीकृष्ण पौडेल | |

CamScanner

# कार्यपालिका बैठक प्रस्ताव सूचि

## मिति २०८२।७।२६ गते

समयः विहान ११:०० बजे

१. लागत साझेदारीमा पूर्व सिकाई मान्यता विधिको सीप परीक्षण कार्यक्रम सन्चालन सम्बन्धमा ।

२. ३ नं वडाको स्वास्थ्य संस्था भवन निर्माण सम्बन्धमा ।

३. नवप्रवर्तन साझेदारी परियोजना (PLGSP) कार्यान्वयन गर्नका लागि परियोजना छनोट तथा सन्चालन साझेदारी सम्बन्धमा ।

४. मुख्यमन्त्री नवप्रवर्तन परियोजना छनोट तथा सन्चालन साझेदारी सम्बन्धमा ।

५. सडक बोर्ड तर्फ साझेदारीका योजना छनोट सम्बन्धमा ।

६. जैमिनी नगरपालिकाको कृषि तथा पशुपन्छीको कार्यक्रम संचालन सम्बन्धी कार्यविधि २०८२, पहिलो संशोधन सम्बन्धमा ।

७. नगरपालिकाको कृषि समुह गठन तथा परिचालन निर्देशिका, २०८२ सम्बन्धमा

८. विविध ।

श्रीकृष्ण पौडेल
प्रमुख प्रशासकीय अधिकृत

जैमिनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कुस्मीसेरा बागलुङ
२०७३

CamScanner

# कार्यपालिका बैठक- ५१

## निर्णयहरु

निर्णय नं १

गण्डकी प्रदेश सरकार, सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयको च.नं. ५३, मिति २०८२।४।१९ को पत्रानुसार यस नगरपालिकाभित्र रहेका श्रमिक कामदारहरुको थप अवशर प्राप्तिका लागि प्रदेश संगको सहकार्य तथा साझेदारीमा पूर्व सिकाई मान्यता विधिको सीप परीक्षण कार्यक्रम सन्चालन गर्ने सोको साझेदारी का लागि नगरपालिकाको चालु आ.व.२०८२/८३ को स्वीकृत कार्यक्रम- विभिन्न सरकारी तथा गैरसरकारी क्षेत्रका कार्यक्रमहरुको साझेदारी शिर्षकबाट रु२,५०,०००/- विनियोजन गर्ने निर्णय गरियो।

निर्णय नं २

जैमिनी नगरपालिका वडा नं ३ मा स्वास्थ्य संस्था भवन निर्माणको लागि गण्डकी प्रदेश सरकार को विशेष अनुदान बाट रु ४०,००,०००/- विनियोजन भएकोमा प्राविधिक लागत अनुमान बमोजिम रु.५०,७४,४०९/०८- आएकाले सोको निर्माण खरिद प्रकृयाको लागि नपुग हुन जाने रकम नगरपालिकाको चालु आ.व.२०८२/८३ को स्वीकृत कार्यक्रम विभिन्न सरकारी तथा गैरसरकारी क्षेत्रका कार्यक्रमहरुको साझेदारी शिर्षकबाट रु.१०,७४,४०९/०८- विनियोजन गर्ने निर्णय गरियो।

निर्णय नं ३

गण्डकी प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको मिति २०८२/६/२८ गतेको नवप्रवर्तन साझेदारी परियोजना कार्यान्वयन गर्नका लागि अवधारणा पेश गर्नका लागि सूचना प्रकाशित भएबमोजिम जैमिनी नगरपालिकामा आर्थिक विकास र रुपान्तरणका लागि ब्यवसायिक केरा प्रवर्द्धन तथा उद्यम विकास परियोजना छनोट गर्ने र परियोजना कार्यान्वन गर्न साझेदारीका लागतका लागि नगरपालिकाको चालु आ.व.२०८२/८३ को स्वीकृत कार्यक्रम विभिन्न निकाय संगको साझेदारी शिर्षकबाट रु २१,००,०००/- ब्यहोर्ने गरी रकम विनियोजन गर्ने । साथै नगरपालिकाको कृषि विकास शाखा प्रमुखलाइ सो परियोजना कार्यान्वयन सम्पर्क ब्यक्तिको रुपमा तोक्ने निर्णय गरियो ।

६/२५

श्रीकृष्ण पौडेल
प्रमुख प्रशासकीय अधिकृत

जैमिनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कुश्मीशेरा बागलुङ
२०७३

निर्णय नं ४

गण्डकी प्रदेश सरकार "मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम" सन्चालनका लागि जैमिनी नगरपालिकामा प्रविधिमा आधारित बाँसजन्य सामाग्री उत्पादन तथा बजारीकरण परियोजना सन्चालन हुन छनोट गर्ने साथै उक्त कार्यक्रम सन्चालनका लागि आवश्यक साझेदारी रकम नगरपालिकाको चालु आ.व.२०८२/८३ को स्वीकृत कार्यक्रम विभिन्न सरकारी तथा गैरसरकारी क्षेत्रका कार्यक्रमहरुको साझेदारी शिर्षकबाट व्यवस्थापन गर्ने निर्णय गरियो।

निर्णय नं ५

सडक बोर्ड तर्फ साझेदारीका योजना छनोट सम्बन्धमा चालु आ.व. हालसम्म कार्यक्रम कार्यान्वयनको निर्देशन/परिपत्र प्राप्त भइ नसकेकाले आगामी बैठका छलफलका लागि पेश गर्ने निर्णय गरियो।

निर्णय नं ६

जैमिनी नगरपालिकाको कृषि तथा पशुपन्छीको कार्यक्रम संचालन सम्बन्धी कार्यविधि २०८२, पहिलो संशोधन प्रस्ताव पेश भएकोमा देहाय बमोजिमको संशोधन स्वीकृत गर्ने निर्णय गरियो ।

देहायः

जैमिनी नगरपालिकाको कृषि तथा पशुपन्छीको कार्यक्रम संचालन सम्बन्धी कार्यविधि २०८२, पहिलो संशोधन (तिन महले संशोधन प्रस्ताव)

| सिन | दफा नं | हालको व्यवस्था | संशोधन हुनुपर्ने व्यहोरा | संशोधन हुनुपर्ने कारण |
|---|---|---|---|---|
| १ | दफा ६ (झ) को बुँदा न ७ | माथी जनसुकै कुरा लेखे पनि दर्ता नभएका र कर चुक्ता नगरेका फर्मको पशुहरुको कृतिम गर्भाधान गरे बापतको रकम कार्यक्रम बाट भुक्तानी हुने छैन । | माथी जनसुकै कुरा लेखे पनि जैमिनी नगरपालिका भित्रका सम्पुर्ण किसानका गाईभैसिहरुको कृतिम गर्भाधान गरे बापतको रकम कार्यक्रम बाट भुक्तानी हुनेछ । | पालिकाको चालु आव २०८२।८३ को नीतिमा गाई, भैंसीको निशुल्क कृतिम गर्भाधान सेवा समावेश भएको । |
| २ | दफा ८ | भुक्तानी प्रक्रिया- ..........अनुदान रकम भुक्तानीका लागि | भुक्तानी प्रक्रिया..... (थप).....निशुल्क कृत्रिम गर्भधानको हकमा कृतिम | सरल सहज सेवा तथा भुक्तानी |

श्रीकृष्ण पौडेल
प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| | | कार्यक्रम सञ्चालन पश्चात कार्यक्रमको पक्ति अनुसार सम्पन्न गरी सम्बन्धित प्राविधिकको मुल्यांकन प्रतिवेदन, वडा कार्यालयको सिफारिश पत्र...... कार्यालयले नियमानुसार रकम उपलब्ध गराउनेछ । | गर्भधान कर्ताले कार्यसम्पादन गरेको स्थलगत फोटो (सम्भव भए सम्म)/ सेवा प्रापक कृषकको कुनै परिचयपत्र, सम्पर्क नं./ दस्तखत सहितको अभिलेख, सम्बन्धित वडामा पेश गरेको प्रतिवेदन तथा कृषि तथा पशु सेवा शाखाको सिफारिश आधारमा कार्यालयले नियमानुसार रकम उपलब्ध गराउनेछ । | प्रकृयाका लागि । |

## निर्णय नं ७

जैमिनी नगरपालिकामा कृषि तथा पशुपालनमा संलग्न कृषकहरुलाइ समुहकृत रुपमा परिचालन गर्न, समुह गठन, दर्ता गर्न, साथै कृषि विकासमा संलग्न कृषकहरुलाइ समय सापेक्ष कृषि प्रसार सेवा टेवा सरल, सहज, सुलभ, मितव्ययी एवम ग्रहणयोग्य तवरले उपलब्ध गराउन, कृषि तथा पशु सेवाको विकास एवम् उत्पादन वृद्धि गर्न कृषकहरुलाइ थप उत्प्रेरित गर्ने उद्धेश्यले स्थानीय सरकार सञ्चालन २०७४ को दफा १०२ ले दिएको अधिकार बमोजिम निर्माण भएको जैमिनी नगरपालिकाको कृषि समुह गठन तथा परिचालन निर्देशिका, २०८२ स्वीकृत गर्ने निर्णय गरियो ।

## निर्णय नं ८

जैमिनी नगरपालिका अन्तर्गत विभिन्न वडाहरुबाट वडालाइ बालविवाह मुक्त वडा, बालश्रम मुक्त वडा तथा सडक बालबालिका मुक्त वडा घोषणा गर्न अनुमति माग भइ आएको सन्दर्भमा निर्धारित सूचक पुरा गरी अनुमति माग भइ आएका वडाहरुलाइ बालविवाह मुक्त वडा घोषणा, बालश्रम मुक्त वडा घोषणा तथा सडक बालबालिका मुक्त वडा घोषणा गर्ने अनुमति मागको स्वीकृत दिने निर्णय गरियो ।

## निर्णय नं ९

जैमिनी नगरपालिकाको अघिल्लो कार्यापालिका बैठकमा भएका निर्णय कार्यान्वयनको अवस्था, यस आ.व. को विभिन्न मितिमा भएका राजश्व परामर्श समिति, सुशासन समिति तथा आर्थिक विकास समितिको बैठकमा भएका छलफल एवम सिफारिश भएका निर्णहरुउपर छलफल समिक्षा गरियो । साथै निर्णयहरुको प्रभावकारी कार्यान्वयनको लागि कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

जैमिनी नगरपालिका नगर कार्यपालिकाको कार्यालय कुश्मीसेरा २०७२

२०८२।६।१९
श्रीकृष्ण पौडेल
प्रमुख प्रशासकीय अधिकृत

CamScanner